**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०३ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिल्लीमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुभयो।

**२.** पश्चिम बंगालमा शिक्षक भर्ती घोटालासँग सम्बन्धित प्रवर्तन निदेशालय (ईडी) मामिलामा हालसम्म जफत गरिएको कुल रकम २ सय ३९.२६ करोड रुपैयाँ पुगेको छ।

**३.** नेपालको कर्णाली प्रदेशको मुग्गुमा आज बिहान भूकम्प गएको छ।

**४.** पश्चिम बंगालमा चिसोको प्रभाव जारी रहेको र आगामी २४ घण्टामा राज्यका अधिकांश भूभागमा मौसम सफा रहने मौसम विभागले जनाएको छ ।

**<u>प्रधानमन्त्री-दिल्ली</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिल्लीमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुभयो। उहाँले अशोक विहारमा झुपडीमा बस्नेहरूका लागि बनेका 1700 फ्ल्याटहरूको उद्घाटन गर्दै लाभार्थीहरूलाई चाबी हस्तान्तरण गर्नुभयो। उहाँले लाभार्थीहरूसँग कुराकानी गर्दै फ्ल्याटहरूको निरीक्षण पनि गर्नुभयो। श्री मोदीले नौरोजी नगरको वर्ल्ड ट्रेड सेन्टर र सरोजिनी नगरको आवासीय परियोजनाको उद्घाटन गर्नुभयो। वर्ल्ड ट्रेड सेन्टरले जीर्ण भवनहरूलाई आधुनिक व्यावसायिक टावरमा परिणत गरेको छ| प्रधानमन्त्रीले द्वारकामा केन्द्रीय माध्यमिक शिक्षा बोर्डको ३०० करोडको एकीकृत कार्यालय परिसर र दिल्ली विश्वविद्यालयका तीन नयाँ परियोजनाहरूको शिलान्यास गर्नुभयो। उहाँले नजफगढमा वीर सावरकर कलेजको शिलान्यास पनि गर्नुभयो। जनतालाई सम्बोधन गर्दै, श्री मोदीले २०२५ का लागि शुभकामना दिंदै भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने लक्ष्यमा रहेको बताउनुभयो। साथै, दिल्लीका विद्यार्थीलाई उत्कृष्ट शैक्षिक अवसर उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको उहाँले स्पष्ट पार्नुभयो। श्री मोदीले देश राजनीतिक अनि आर्थिक स्थिरताको प्रतीक बनेको बताउनु भयो। उहाँले यो वर्ष भारतलाई विश्वको सबैभन्दा ठूलो उत्पादन केन्द्र बनाउने वर्ष हुने बताउनु भयो।

****** o ******

**<u>ईडी- शिक्षक घोटाला</u>**

पश्चिम बंगालमा शिक्षक भर्ती घोटालासँग सम्बन्धित प्रवर्तन निदेशालय (ईडी) मामिलामा हालसम्म जफत गरिएको कुल रकम २ सय ३९.२६ करोड रुपैयाँ पुगेको छ। तर, यस मुद्दामा अभियोग लगाउने प्रक्रिया अझै अनिश्चितताले घेरिएको छ । ईडीले जफत गरेको नगद, सुन, अचल सम्पत्ति र अन्य सम्पत्तिहरू समावेश छन् जसको स्वामित्व पश्चिम बंगाल बाहेक अन्य राज्यहरूमा फेला परेको छ। ईडीको बयान अनुसार, हालै उत्तर प्रदेशको नोएडामा अवस्थित केही व्यावसायिक सम्पत्तिहरू र पश्चिम बंगालको मालदा जिल्लामा जमिन र भवनहरू जफत गरिएको छ, जसको कुल मूल्य 8.20 करोड रुपैयाँ रहेको छ। यी सम्पत्तिहरू मेसर्स एनडी इन्फोसिस्टम्स प्राइभेट लिमिटेडको नाममा थियो , जसलाई निलाद्री दास र उनका परिवारका सदस्यहरू बाहेक अब्दुल खालेक र उनका परिवारका सदस्यहरूले नियन्त्रण गरेका थिए।

यस बाहेक ईडीले चन्दन मण्डल र उनकी श्रीमतीको नाममा दर्ता भएको ४६.१३ लाख रुपियाँको जमिन पनि जफत गरेको छ।

****** ० ******

**शिक्षक भर्ती घोटाला**

पश्चिम बंगालमा शिक्षक भर्ती घोटाला मामिलामा केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले ठूलो खुलासा गरेको छ। सीबीआईको आरोपपत्रमा राज्यका पूर्व शिक्षामन्त्री पार्थ चटर्जी आफैंले 'अयोग्य' उम्मेदवारहरूको सूचीमा नोट लेख्ने र उनीहरूलाई जागिर दिन निर्देशन दिने गरेको दाबी गरेको छ। सीबीआईले अदालतमा १९ पृष्ठको आरोपपत्र दायर गरेको छ, जसमा पार्थ चटर्जी र तृणमूल कांग्रेसका विधायक माणिक भट्टाचार्यको नाम प्रमुख रूपमा रहेको छ। अनुसन्धान एजेन्सीले कोलकताको विकास भवनमा छापा मार्ने क्रममा एक सूची बरामद गरेको थियो जसमा शिक्षक बन्न योग्य नभएका उम्मेदवारहरूको नाम रेकर्ड गरिएको थियो। सीबीआई अनुसार २०२३ को जुन महिनामा विकास भवनबाट ३२४ 'अयोग्य' उम्मेद्वारहरूको सूची बरामद भएको थियो। जसमा ३२१ उम्मेदवारको नाम समावेश भएको अनुसन्धानले देखाएको छ । सूचीमा प्रत्येक उम्मेदवारको नाम, रोल नम्बर र उनीहरूलाई सिफारिस गर्ने प्रभावशाली व्यक्तिको नाम समावेश थियो।

****** ० ******

**सेपरेट स्टेट कोअर्डिनेशन**

कालेबुङको रेली खोला परिसरमा हिज सेपरेट स्टेट कोअर्डिनेशन कमिटीको सभा सम्पन्न भएको छ। सभामा कालेबुङका गोर्खा स्वतन्त्र समुहका स्वतन्त्र सभासद पाल्देन तामाङ, सेपरेट स्टेट कोअर्डिनेसन कमिटीका संयोजक सन्जय थुलुङ, प्रियबर्द्धन राई, सिद्धान्त गोर्खा राई, गोर्खा सेवा सेना प्रमुख बिक्रम आदि राई, युजिआरएफ प्रमुख अजय दाहाल, गोर्खा गौरव संस्थानका संयोजक नरेन्द्र तामङ लगायत अन्यको उपस्थिति रहेको थियो। नयाँ वर्षको शुभकामना बाड्दै जातीय संकट र पहाडको माटोको संरक्षण बारे सभामा चर्चा गरिएको थियो। पहाडको वर्तमान राजनैतिक परिस्थिति बारे पनि चर्चा गर्दै अब युवाहरु एक भएर जातिको अस्तित्व र माटोको सुरक्षाको निम्ति समय आएपछि ठोस काम गर्नुपर्ने सभामा छलफल भएको थियो। सभामा हाल राज्य सरकारले थोपिरहेको 5 डेसिमल जमिनबारे पनि चर्चा गर्दै जागरुक युवाहरुले यसबारे राम्रो अध्यन गरेर सही समयमा सही कदम उठाउनु पर्ने कुरोमा जोर दिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**हिल तृणमूल**

राङ्गभाङ्ग तामाकोसी पर्यटनस्थलमा हिल तृणमूल कांग्रेसको एक समर्थन सभा पोख्रेबोङ ग्राम पंचात दुई अध्यक्ष प्रदिप सोताङ्गको अध्यक्षतामा सम्पन्न भयो। हिल तृणमूल कांग्रेस नारी एकाईकी शान्ता छेत्रीको प्रमुख उपस्थितिमा पोख्रेबोङ चामोङ समष्टि अनि नागरी धजे समष्टिबाट पेम्बा लेप्चा, उद्धव ठकुरी, सफर सुब्बा लगायत १० घर परिवारले तृणमूल कांग्रेसमा समर्थन जनाएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**सोनादा डिग्री कलेज**

सोनादा डिग्री कलेजका प्राचार्य डा. रागिनी थापाले हैदराबादमा काम पाएका ११ जना विद्यार्थीलाई कामको प्रस्ताव पत्र प्रदान गर्नु भयो। कलेजले केही महिना अघि कलेजका साथै स्थानीय स्नातक विद्यार्थीहरूका लागि नि:शुल्क जब ट्रेनिङ आयोजना गरेको थियो। यस ट्रेनिङको माध्यमबाट यी विद्यार्थीहरूले हैदराबादमा काम पाएका छन्।

****** ० ******

**कालेबुङ**

कालेबुङ जिल्लामा भागोप्रमो नारी शक्ति पदाधिकारीको फेरबदल गरिएको छ। पुरानो समिति विघटन गरी नयाँ पदाधिकारीहरूको नियुक्ति गरिएको छ। नयाँ समितिमा सुनिता भूजेल अध्यक्ष अनि सुषमा लामा महासचिवको रूपमा चयन गरिएको जिल्ला अध्यक्ष विनय घिसिङले घोषणा गर्नु भएको छ। नारी शक्तिका पूर्व अध्यक्ष शशि प्रधानलाई केन्द्रीय उपाध्यक्षको जिम्मेवारी दिइएको छ। कार्यालयमा आयोजित औपचारिक कार्यक्रममा नव-नियुक्त पदाधिकारीहरूलाई जिल्ला अध्यक्षले नियुक्ति पत्र हस्तान्तरण गर्नुभयो| नवनियुक्त अध्यक्ष सुनिता भूजेलले नारी शक्तिलाई सशक्त बनाउने बताउनु भयो।

****** ० ******

**इण्डियन गोर्खा जनशक्ति फ्रन्ट**

गत २२ दिसम्बर २०२४ मा गठन भएको इण्डियन गोर्खा जनशक्ति फ्रन्टका समर्थकहरूले पहाडदेखि तराई आदि क्षेत्रहरूमा झण्डा लगाउँने कार्यहरू गर्दै आइरहेको छ। यसैक्रममा आज निचल राईको नेतृत्वमा सुकिया मानेभन्ज्यङ समष्टि अन्तर्गत सुकिया बजारको दार्जीलिङ रोड, बालसन रोड लगायत अन्य विभिन्न क्षेत्रहरूमा आईजीजेएफ-का समर्थकहरूले ब्यापक रूपमा झण्डा लगाउने कार्य सम्पन्न गरेका छन्|

****** ० ******

**ईभान फाउण्डेशन**

खरसाङको गैरसरकारी संस्था ईभान फाउण्डेशनले "विश ट्री" कार्यक्रम आयोजना गरेको छ। देशको ९ वटा राज्यमा हुने यस "विश ट्री" कार्यक्रम पश्चिम बङ्गालमा ईभान फाउण्डेशनले गर्ने मौका पाएको हो| यस कार्यक्रममा ६० जनाको इच्छा पुरा गर्ने गरिन्छ। कार्यक्रममा विद्यार्थीहरूको फुटबल किट, क्रिकेट किट, स्टडी-टेबल जस्ता सामग्री वितरण गरियो। ईभान फाउण्डेशनका संस्थापक प्रशान्त शर्माले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनु भयो।

****** ० ******

**थर्बु**

थर्बु चियाबारीमा पोखे्रबोङदेखि सिलिगुडी जाँदै गरेको गाडी राङभाङ तामाकोसी पर्यटन केन्द्र नजिक थर्बु चियाबारीको उकालोमा दुर्घटनामा पऱ्यो। चालक अनिल गुरुङ अनुसार, सडकको गिटी र खाल्डोका कारण यो दुर्घटना भएको हो। गाडीमा ४-५ जना यात्री थिए, तर कसैलाई चोटपटक नलागेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**अटो दुर्घटना**

उत्तर कन्या संलग्न कामरांग गागुडी ओभरब्रिज क्षेत्रमा यात्रीहरुले भरिएको एउटा अटो रिक्सा अनियन्त्रित भएर दुर्घटना हुदा ६ यात्री घाइते भएको जानकारी प्राप्त भएको छ I घटना आज विहान भएको हो I सुत्रले दिएको जानकारी अनुसार अटो रिक्सा सिलगडीबाट यात्री लिएर फुलबारीतर्फ गइरहेको थियो I तर तेज गतिमा गइरहेको अटो रिक्सा अनियन्त्रित भएपछि दुर्घटना भएको बताईएको छ I घटनापछि स्थानीयहरुले घाइते भएका यात्रीहरुलाई नजिकको अस्पतालमा पुर्याएका थिए I अर्कोतर्फ घटनाको जानकारी पाएपछि एनजेपी थाना पुलिस अनि हाईवे ट्राफिक पुलिस घटनास्थलमा पुगेर अटोलाई नियन्त्रणमा लिएर जाच शुरु गरेको छ I

****** ० ******

**डस्टबीन वितरण**

खरसाङ खण्ड अन्तर्गत सन्त मेरिज तीन ग्राम पञ्चायतको गाडीधुरा सार्वजनिक भवनमा गाडीधुराका दोकानहरूमा पञ्चायतको तर्फबाट डस्टबीनहरु वितरण गरिएको छ। स्वच्छ भारत मिशन अन्तर्गत आफ्नो गाउँ घर सफा राख्नलाई सन्त मेरिज तीन ग्राम पञ्चायत प्रधान मणिराज डुम्जन साथै उप प्रधान सन्तोष लामाको अगुवाईमा डस्टबीनहरु

वितरण गरिएको छ। गाउँ घर स्वच्छ राख्न ग्राम पञ्चायतले मैला उठाउने पिकअप भ्यान पनि व्यवस्था गरेको छ। स्वच्छ भारत मिशन कार्यक्रमलाई सम्बोधन गर्दै श्री डुम्जनले नयाँ वर्ष २०२५ देखि पञ्चायत कार्यालयमा वासिन्दा प्रमाण पत्र,आय प्रमाण पत्र, एनओसी साथै अन्य कुनै पनि कागज पत्रहरु पञ्चायतमा बनाउन परे त्यसको कुनै पनि शुल्क ग्राम पञ्चायतमा तिर्न नपर्ने जानकारी दिनु भएको छ। उहाँले यी सबै प्रमाण पत्रहरू निःशुल्क पञ्चायतमार्फत दिइने बताउनु भयो| श्री डुम्जनले नयाँ वर्ष २०२५ देखि पञ्चायतमार्फत एम्बुलेन्स सेवा पनि शुरू गरिने जानकारी गराउनु भयो।

****** ० ******

**छोटाटिङलिङ- सम्बर्धना**

मिरिक महकुमाको  छोटा टिङलिङ प्राथमिक पाठशालाका पूर्व शिक्षक,साहित्यकार एवं कलाकार रबिन्द्र शर्मालाई सम्झौता परिवार समाज छोटा टिङलिङले आज सम्बर्द्धना जनायो। दीपक भुजेलको अध्यक्षतामा सम्पन्न सभालाई सचिव मनोहर शर्माले सञ्चालन गर्नु भएको थियो । समाजका पूर्व संस्थापक कोषाध्यक्ष कृष्णप्रसाद काफ्लेको मुख्य उपस्थितिमा सम्पन्न कार्यक्रममा श्री शर्मालाई समाजको तर्फबाट सम्बर्द्धना पत्र, स्मृति चिन्ह,खदा पहिराएर  सम्मान जनाइयो। कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा सम्मानित व्यक्ति श्री  शर्माले यो सम्मानले आफुलाई अझ जिम्मेवारी बोध गराएको बताउनु हुदै  समाजप्रति  आभार  प्रकट गर्नु भयो ।

****** ० ******

**नेपालको भूकम्प**

नेपालको कर्णाली प्रदेशको मुग्गुमा आज बिहान भूकम्प गएको छ। राष्ट्रीय भूकम्प आकलन अनि अनुसंधान केन्द्रको अनुसार रिक्टर स्केलमा यसको तीव्रता चार दशमलव चार मापन गरिएको थियो। यसअघि बिहीबार पनि वाग्मती प्रदेशको सिन्धुपालचोकमा ४ दशमलव ८ रेक्टर स्केलको भूकम्प गएको थियो। हिजो दिउँसो काठमाडौं उपत्यकामा पनि भूकम्पको धक्का महसुस गरिएको थियो।

****** ० ******

**मौसम बङ्गाल**

पश्चिम बंगालमा चिसोको प्रभाव जारी रहेको र आगामी २४ घण्टामा राज्यका अधिकांश भूभागमा मौसम सफा रहने मौसम विभागले जनाएको छ । आज  बिहान र राति कोलकातामा चिसोको प्रभाव महसुस भइरहेको मौसम विभागले  जनाएको छ । उत्तर बङ्गालमा पनि चिसो बढेको छ । दार्जिलिङ, कालेबुङ जस्ता पहाडी क्षेत्रको तापक्रम पाँचदेखि सात डिग्री सेल्सियससम्म पुग्ने सम्भावना छ । बिहान यी क्षेत्रमा कुहिरो लाग्ने सम्भावना रहेकाले दृश्यता कम हुनसक्ने अनुमान गरिएको छ । जलपाईगडी अनि  कुचबिहारमा क्षेत्रमा चिसो हावाको प्रभाव देखिएको छ, जहाँ न्यूनतम तापमान १०-१२ डिग्री सेल्सियस हुन् सक्ने मौसम विभागले अनुमान गरेको छ ।

****** ० ******